# स्थानीय राजपत्र

<table>
<tr><td colspan="3" align="center">अर्जुनचौपारी गाउँपालिका, अर्जुनचौपारीद्वारा प्रकाशित</td></tr>
<tr><td align="center">खण्ड २</td><td align="center">संख्या १</td><td align="center">मिति ............</td></tr>
<tr><td colspan="3" align="center">भाग २<br>अर्जुनचौपारी गाउँपालिका<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।</td></tr>
<tr><td colspan="3"></td></tr>
</table>

प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७८ अ.चौ.गा.पा.

# प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रम कार्यन्वयन कार्यविधि,२०७८

०७८ अ.चौ.गा.पा

प्रधानमन्त्री रोजगार साझेदारी

अर्जुनचौपारी गाउँपालिका गाउँकार्यापालिकाको कार्यालय

अर्जुनचौपारी, स्याङ्जा

गण्डकी प्रदेश, नेपाल

# प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रम कार्यन्वयन कार्यविधि,२०७८

स्वीकृत मिति : २०७८/१०/२१

**प्रस्तावनाः** स्थानिय तहमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न एंव सामुदायिक पूर्वाधार विकास मार्फत नागरिकको जिवनस्तरमा सुधार ल्याउन अर्जुचौपारी गाउँपालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी शिर्षकमा विनियोजित बजेट तथा कार्यक्रमको कार्यान्वयन गर्नको लागी नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी अर्जुचौपारी गाउँपालिका, गाउँकार्यपालिकाको बैठकले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

**१.संक्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रम कार्यन्वयन कार्यविधि,२०७८ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:–

(क) "बेरोजगार व्यक्ति भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा २ (ङ) ले परिभाषित गरेको एक आर्थिक वर्षमा न्यूनतम एक सय (१००) दिन रोजगारीमा संलग्न नभएको वा कम्तीमा तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नरहेको अठार वर्षदेखी उनान्साठी वर्ष (१८-५९ बर्ष)उमेर समूहको नेपाली नागरिकलाई वुझाउँछ ।

(ख) "अध्यक्ष" भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ग) "आयोजना" भन्नाले प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रमअन्तर्गत सञ्चालित योजना वा आयोजना वा परियोजनालाई सम्झनु पर्छ ।

(घ) "उपभोक्ता" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना सञ्चालन हुने क्षेत्र भित्रका व्यक्तिलाई जनाउछ ।

(ङ) "उपभोक्ता समिति" भन्नाले कामको लागी पारिश्रमिकमा आधारीत साझेदारी आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफूहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्दछ।

(च)"कार्यक्रम" भन्नाले प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रम बुझ्नुपर्छ।

प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रम कार्यन्वयन कार्यविधि,२०७८ अ.चौ.गा.पा.

(छ) “कार्यालय” भन्नाले गाउँकार्यपालिकाको कार्यालयलाई बुझाउँछ ।

(ज) “कार्यपालिका” भन्नाले गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(झ)“वडा” भन्नाले अर्जुनचौपारी  गाउँपालिका भित्रका वडाकार्यालयलाई सम्झनु पर्दछ ।

(ञ)“सदस्य” भन्नाले उपभोक्ता समितिका सदस्यलाई जनाउनेछ र सो शब्दले उपभोक्ता समितिका पदाधिकारीलाई समेत जनाउनेछ ।

(ट) “सम्झौता” भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि कार्यालय र उपभोक्ता समितिबीच भएको लिखित करारनामा वा कबुलियतनामा लाई जनाउनेछ ।

(ठ) “लक्षित वर्ग” भन्नाले श्रम बजारमा रहेका सामाजिक र आर्थिक अवसरहरुबाट बञ्चित विपन्न तथा जोखिमपूर्ण जीवनयापन गरिरहेका १८ वर्ष देखी ५९ वर्षसम्मका व्यक्तिहरुलाई सम्झनु पर्दछ।

**३. कार्यक्रमको लक्ष्य:** स्थानीय तहमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न, रोजगारीका अवसरहरुको सृजना, सिप र क्षमता अभिवृद्धि, रोजगार सेवा तथा सुविधाको विस्तार गरी लक्षित वर्गको आयमा वृद्धि तथा जीवनस्तरमा सुधार ल्याउनु हुनेछ।

**४. कार्यक्रम सचांलन र कार्यविधीको उद्देश्यः** प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्ध भई यस आयोजनाले देहाय बमोजिको उद्देश्य प्राप्त गर्नेछ :

(क) संघीय सरकारबाट हस्तान्तरित कामका लागी पारिश्रमिक अनुदान र कामका लागी पारिश्रमिक अनुदान (युवा रुप) कार्यक्रम सँग साझेदारी गर्नेछ,

(ख) संघीय शसर्त कार्यक्रम सचांलन गर्न आवश्यक निर्माण सामाग्री, औजार तथा सुरक्षा समाग्री खरिद गर्ने,

(ग) अल्पकालिन रोजगारीका अवसरहरु सिर्जना गर्ने,

(घ) लक्षित वर्गमा रोजगारीको पहुँच वृद्धि गरी बेरोजगारीको समस्या न्यूनिकरण गर्ने।

## परिच्छेद-२
## आयोजना क्षेत्र

**५. आयोजना संचालनका क्षेत्रः** यस कार्यविधि अनुरुप संचालन हुने आयोजना छनौट गर्दा देहायका क्षेत्रहरु भित्र पर्ने श्रममुलक सामुदायिक आयोजना मात्र छनौट गर्नु पर्नेछ ।

(क) सडक निर्माण तथा मर्मत सम्भारः

- स्थानीय तहभित्रका बस्ती, स्वस्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोडने सडक निर्माण तथा मर्मत सम्भार

- राष्ट्रिय तथा प्रदेशिक सडकबाट गाउँ वा नगर जोडने सडकको निर्माण तथा मर्मत सम्भार

(ख) कृर्षि तथा सिचाईं

- सिचांईका लागि कुलो तथा पैनिको निर्माण तथा मर्मत सम्भार
- पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत
- कृषि तथा पशुपन्छीजन्य उत्पादन भण्डारण तथा बिक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शित भण्डार, हाट बजार र तरकारी तथा फलफुल सकंलन तथा बिक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार

(ग) ग्रामीण खानेपानि

- खानेपानि आयोजनाको निर्माण,पाईपलाईन विस्तार तथा मर्मत सम्भार

(घ) स्वास्थ्य तथा सरसफाई

- सरकारी अस्पातल, स्वास्थ्य चौकी / केन्द्र  र प्रसुति गृह निर्माण तथा सर्मत सम्भार
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार
- फोहोर व्यवस्थापनका पूर्वाधारको निर्माण तथा सो को मर्मत सम्भार

(ङ) शिक्षा

- सरकारी विद्यालय भवन,  सार्वजनिक  पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खाने पानिको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार

(च) वन तथा जलाधार

- फलफुलको विरुवा रोपण, वृक्षारोपण तथा वन जगंल संरक्षण
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण

(छ) पर्यटन

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण
- उच्च महत्वका प्रसिद्ध पर्यटकिय स्थल मर्मत सम्भार तथा संरक्षण

## परिच्छेद-३
## आयोजना छनौट

**६. आयोजना छनौटः** (१) वडा कार्यलयले देहायका प्रकृतिका आयोजना पहिचान गरी  गाउँ सभामा सिफारिस गरी गाँउ सभाबाट पारित गर्नु पर्नेछः

क) गरिबी तथा जोखिममा रहेका विपन्न समुदाय र सीमान्तकृत वर्गलाई प्रत्यक्ष रुपमा लाभ दिने,
ख) उच्च तथा दीगो आर्थिक प्रतिफल प्राप्त हुने किसिमका भौतिक पूर्वाधार निर्माण हुने,
ग) बढी भन्दा बढी जनसंख्यालाई लाभ पुग्ने,
घ) स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने, र
ङ) वातावरण संरक्षण र विपद व्यवस्थापन गर्न योगदान पुऱ्याउने ।

२) वडा कार्यलयले आयोजना छनौट गर्दा श्रमिकको ज्याला बाहेकको थप रकम आफ्नै श्रोतबाट व्यवस्था गरेर समेत आयोजना प्रस्ताव गर्न सक्नेछन् । वडालाई सशर्त अनुदान उपलव्ध गराउँदा यस्ता आयोजनालाई प्राथमिकता दिइनेछ

**७. वडाले आयोजना प्रस्ताव गर्नु पर्ने :** वडाले दफा (६) उपदफा (१) र (२) बमोजिममा छनौट भएका आयोजनाहरुको प्रस्ताव तयार पारी कार्यालयले तोकेको मितिभित्र पठाउनु पर्नेछ।

## परिच्छेद-४
## आयोजना कार्यान्वयन प्रक्रिया

**८. बेरोजगार व्यक्तिलाई रोजगारीमा खटाउनेः** (१) स्थानीय तहले सूचिकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटाउँदा एक व्यक्तिलाई एक सय दिन रोजगारी प्रदान गर्ने गरी आवश्यक संख्याका श्रमिकलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा उपलब्ध बेरोजगार व्यक्तिको सूचीको प्राथमिकताक्रम अनुसार क्रमशः खटाउनु पर्नेछ ।

**९. लाभग्राही परिचय पत्र उपलब्ध गराउनेः** आयोजनामा श्रकिमलाई रोजगारीमा खटाउनु पुर्व लाभग्राही परिचय पत्र उपलब्ध गराउनु पर्नेछ ।

**१०. काम वापतको पारिश्रमिकः** यस कार्यविधि बमोजिम रोजगारीमा खटिएका श्रमिकहरुको पारिश्रमिक नेपाल सरकारले तोकेको न्युनतम पारिश्रमिक वा स्थानिय तहले निर्धारण गरेको अदक्षको दर रेटको ८० प्रतशितले हुन आउने रकम मध्ये जुन बढि छ सोहि बमोजिम हुनेछ ।

**११. रोजगार उपभोक्ता समिति सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम रु. एक लाख भन्दा बढी लागतको आयोजना सञ्चालन गर्न सम्बन्धित स्थानीय तहले आयोजनागत रुपमा

खटाइएका श्रमिकहरुमध्येबाट एक जना अध्यक्ष, एकजना सचिव र एकजना कोषाध्यक्ष सहित कम्तिमा सात सदस्यीय रोजगार उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

(२) रोजगार उपभोक्ता समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक जना र अन्य सदस्यहरुमध्ये कम्तिमा २ जना महिला हुनु पर्नेछ ।

(३) देहायको योग्यता भएको व्यक्ति रोजगार उपभोक्ता समितिमा रहन सक्नेछः
(क) कुनै फौजदारी अभियोग नलागेको,
(ख) सरकारी नगद तथा जिन्सी मासेको वा सरकारी सम्पत्ति हिनामिना गरेको वा सरकारी पेश्की बेरुजू रहेको नभएको, ९ग) कुनै पनि राजनीतिक दलको कार्यकारी पदमा नरहेको,
(घ) निजको परिवारको अन्य कोही सदस्य सोही समितिमा नरहेको ।

(४) रोजगार उपभोक्ता समितिमा रहने श्रमिक आयोजना सचांलन हुने वडाको स्थायी वासिन्दा हुनु पर्नेछ । यदि आयोजना सचांलन हुने वडाको स्थायी वासिन्दा भएको श्रमिक उपलब्ध नभएमा सम्बन्धित स्थानीय तहका वडाहरुमध्ये आयोजना सचांलन हुने वडाबाट सबैभन्दा नजिक रहेको वडाको स्थायी वासिन्दा भएको श्रमिक मध्ये बाट रोजगार उपभोक्ता समितिको पदाधिकारीमा छनौट गर्नु पर्नेछ ।

(५) रोजगार उपभोक्ता समितिका पदाधिकारीको पदावधी आयोजना अवधिभर मात्र रहनेछ ।

(६) रोजगार उपभोक्ता समितिका पदाधिकारीहरुले समेत अन्य श्रमिकहरु सरह नै काम गर्नु पर्नेछ । उनीहरुले समितिको पदाधिकारी भएकै कारणले काम गरे बापतको ज्याला बाहेक अन्य कुनै पनि सुविधा प्राप्त गर्ने छैनन्।
७) रोजगार उपभोक्ता समितिका पदाधिकारीहरु बेरोजगार सूचीमा रहेका ब्यक्तिहरु मध्ये नै हुनु पर्नेछ ।

**१२. रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः** रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः
(क) स्थानीय तहसँग आयोजना सम्झौता गरी सो बमोजिम आयोजनाको कार्यान्वयन र व्यवस्थापन गर्ने गराउने,
(ख) श्रमिकहरुको हाजिरी अभिलेख राख्ने वा राख्न लगाउने,
(ग) प्राविधिकलाई आयोजनाको प्रतिवेदन तयार पार्न आवश्यक सूचना दिने र सहजीकरण गर्ने,
(घ) श्रमिकले रोजगारी गरेको दिनको हिसाव गरी स्थानीय तहबाट सो बराबरको रकम सिधै श्रमिकहरुको बैंक खातामा निकासा गराउन सहजिकरण गर्ने ।

**१३. लागत अनुमान स्वीकृत भएको हुनुपर्नेः** सम्बन्धित स्थानीय तहले प्राविधिक कर्मचारीबाट आयोजनाको लागत अनुमान तयार गर्न लगाई स्वीकृत गरेकोहुनु पर्नेछ।

**१४. बैंक खाता सचांलन सम्बन्धमाः** (१) श्रमिकको ज्याला वापतको रकम भुक्तानीको लागी श्रमिकले व्यक्तिगत बैंक खाता सञ्चालन  गर्नुपर्नेछ।

(२) रोजगार उपभोक्ता समितिले श्रमिकको ज्याला वापतको रकम बाहेक अन्य रकमको खर्च व्यवस्थापन गर्न आफ्नो नाममा बैंक खाता सञ्चालन गर्नु पर्नेछ वा सप्लाएर्सको नाममा सिधै बैंक मार्फत भुक्तानि गर्ने सकिनेछ ।

(३) बैंक खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(४) यस कार्यविधि बमोजिमका आयोजनाहरुमा हुने सबै भुक्तानी बैंक मार्फत हुनेछ ।

(५) रोजगार उपभोक्ता समितिले प्रचलित नियम बमोजिम कारोबारको लेखा दुरुस्त राख्नु पर्नेछ ।

**१५. सामग्री खरिदः** रोजगार उपभोक्ता समितिले रोजगार आयोजना सञ्चालन गर्दा आवश्यक पर्ने निर्माण सामाग्रीहरु, ज्यावल तथा औजारहरु स्वीकृत लागत अनुमान अनुसार खरिद गर्नु पर्नेछ ।

## परिच्छेद-५

## बजेट व्यवस्थापन

**१६. बजेट खर्च शिर्षक :** यस कार्यविधि अन्तर्गत रोजगार आयोजना सञ्चालन गर्दा ज्यालाको रकम शंघीय शसर्त कार्यक्रमको कामको लागी पारिश्रमिक अनुदान र कामको लागी पारिश्रमिक अनुदान (युवा रुप) शिर्षकबाट र ज्याला रकम बाहेकको अन्य खर्च अर्जुनचौपारी गाउँपालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी शिर्षकबाट खर्च गरिनेछ।

**१७. खर्च व्यवस्थापनः** आयोजना सचांलन गर्दा ज्याला रकम बाहेकका अन्य खर्चहरु अर्जुनचौपारी गाउँपालिकाको प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी शिर्षकबाट छनौट भएका आयोजनालाई आवश्यकता अनुरुप प्राविधिक लागत अनुमान अनुसार निर्माण सामाग्री, सुरक्षा सामाग्री,कामको लागी आवश्यक हाते औजार तथा ढुवानी आदिमा खर्च गरिनेछ।

# परिच्छेद-६

## <u>लाभग्राहीलाई ज्याला भुक्तानी</u>

**१८. ज्याला भुक्तानी** : ज्याला भुक्तानी देहाय बिमोजिम गर्नुपर्नेछ

(क) रोजगार उपभोक्ता समिततले काममा खटिएका श्रमिकको हाजिरीको अभिलेख राख्नुपर्नेछ ।

(ख) हाजिरीको अभिलेख वडा समितिमा पुनरावलोकनको लागि पेश गर्नु पर्नेछ ।

(ग) वडा समिततले कार्य प्रगतिको आधारमा लाभग्राहीको हाजिरीको आवश्यक पुनरावलोकन गरी भुक्तानीको लागी रोजगार सेवा केन्द्रलाई सिफारिस गर्नु पर्नेछ ।

(घ) रोजगार सेवा केन्द्रले भुक्तानीको लागी प्राप्त सिफारीसको चेकजाँच गरी व्यवस्थापन सचूना प्रणालीमा प्रविष्टी गरी भुक्तानीको सिफारिस गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नेछ ।

(ङ) कार्यपालिकाको कार्यालयले प्रचिलत आर्थिक प्रशासनसम्बन्धी कानूनी प्रक्रिया पुर्याएर भुक्तानीको लागी स्वीकृत गर्नु पर्नेछ।

**१९. बैंक खाता मार्फत भुक्तानी गर्नु पर्ने**:(१) यस आयोजना अन्तर्गत हुने सबैप्रकारका ज्यालाको भुक्तानी लाभग्राहीको बैंक खाता मार्फत गर्नु पर्नेछ ।

**२०. निर्देशन तथा समन्वयः** यस कार्यविधि बमोजिम संचलान हुने आयोजनालाई स्थानिय निर्देशक समितिले आवश्यकता अनुसार निर्देशन, अनुगमन तथा समन्वय गर्नेछ ।

**२१. आयोजनाको अनुगमन, मुल्यकंन तथा प्रतिवेदनः** आयोजनाको अनुगमन, मुल्यकंन तथा प्रतिवेदन कार्यलयले तोकेको प्रवाधिक र रोजगार संयोजकले गर्नु पर्नेछ

# परिच्छेद- ७

## <u>विविध</u>

**२२. पारदर्शिता र उत्तरदायित्वः** (१)रोजगार आयोजना संचालन गर्दा निर्देशिकाको परिच्छेद १३ अनुसार पारदर्शिता र उत्तरदायित्व कायम गर्नु पर्ने छ

(२) यस कार्यविधि बमोजिम संचालन हुने रु पाँच लाख भन्दा माथिका आयोजनामा आयोजना स्थलमा आयोजनाको विवरण तथा बजेटको श्रोत खुल्ने गरी अनुसुची २ को नमुना अनुसार सुचना पार्टी राख्नु पर्नेछ ।

**२३. खर्चको विवरण प्रविष्ट गर्नुपर्नेः** रोजगार आयोजनाहरुको लागत तथा खर्च, श्रमिकको रोजगारीको दिन र भुक्तानिको अद्यावधिक विवरण रोजगार व्यवस्थापन सूचान प्रणलीमा (EMIS) प्रविष्ट गर्नु पर्नेछ ।

२४. **आवश्यक निर्णय गर्न सक्नेः** यस कार्यविधिको कार्यान्वयनमा आईपर्ने बाधा, अडकाउ फुकाउन वा कुनै द्धुविधालाई स्पष्ट गर्ने कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

२५. **अनुसूचिमा हेरफेर गर्न सक्नेः** कार्यपालिकाले यस कार्यविधिको अनुसूचिहरुमा आवश्यक हेरफेर गर्न सक्नेछ ।

प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रम कार्यन्वयन कार्यविधि,२०७८ अ.चौ.गा.पा

# अनुसूची -१
## दफा १८ को उपदपा (क) संग सम्बन्धित
## ......................... रोजगार उपभोक्ता समिति
## अर्जुनचौपारी गाँउपालिका, वडा नं .....
## श्रमिकको हाजिरी र भुक्तानिको विवरण

आयोनाको नाम.................................

मितिः............................ देखी ................ सम्म

| क्र.सं | कामदारको किसिम | श्रमिकको नाम थर | काम गरेको दिन | | | | | | | | | | | | भुक्तानि गरेको मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ... | .. | ३२ | जम्मा काम गरेको दिन | दैनिक ज्याला | जम्मा पाउने रकम रु | रकम बुझिलिने सहोछाप | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

दैनिक हाजिर राख्रेको नाम र दस्तखत जाँच्नेको नाम र हस्तक्षर डोर हाजिर रुजु गर्ने , हाजिर स्वीकृत गर्ने हस्ताक्षर भुक्तानि दिनेको दस्तखत

वडा सचिवः वडा अध्यक्षः

प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७८ अ.चौ.गा.पा

प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रम कार्यन्वयन कार्यविधि,२०७८ अ.चौ.गा.पा

# अनुसूची -१
## दफा २२ को उपदफा (२) संग सम्बन्धित
## अर्जुनचौपारी गाँउपालिका, .....
## रोजगार आयोजनाको सूचान पाटी

प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यन्वयन कार्यविधि,२०७८ अ.चौ.गा.पा

आयोजनाको नामः................................ रोजगार उपभोक्ता समिति
आयोजना स्थलः.............................
आयोजना संचालन हुने मितिः................................. देखी ................. सम्म
रोजगारीमा संलग्न हुने व्यक्तिको संख्याः.............................
अनुमानित कूल रोजगारी दिन संख्याः..........................

| क.सं | खर्चको विवरण | बजेट तथा श्रोत | | |
|---|---|---|---|---|
| १ | श्रमिकको ज्याल | प्र.म.रो.का | स्थानिय तह | जम्मा |
| २ | निर्माण सामाग्री खरिद | | | |
| ३ | निर्माण औजार खरिद | | | |
| ४ | कार्यस्थल सुरक्षा सामाग्री खरिद | | | |
| ५ | कन्टिन्जेन्सी | | | |
| | कुल | | | |

सम्पर्क व्यक्ति .................................. (उपभोक्ता समिति अध्यक्ष)

प्रधानमन्त्री रोजगार साझेदारी कार्यक्रम कार्यन्वयन कार्यविधि,२०७८ अ.चौ.गा.पा